वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
# भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
वर्ष ४५ अंक १३२ २०८३ भदौ २८ गते आइतबार, नेपाल सम्वत् ११४६ September 13, 2026 पृष्ठ ४ मूल्य : रू. १५/-

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईंको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
वेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोस !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

# आँवुखैरेनी अस्पतालमा विपन्न र विद्यार्थीलाई नि:शुल्क उपचार सेवा

## आँवुखैरेनी गाउँपालिकाद्वारा आर्थिक अवस्था कमजोर भएका नागरिकको नि:शुल्क उपचारको व्यवस्था

भञ्ज्याङ समाचारदाता/तनहुँ

आर्थिक अवस्था कमजोर भएका नागरिक तथा विद्यार्थीलाई उपचार खर्चको अभावमा स्वास्थ्य सेवाबाट वञ्चित हुन नदिन आँबुखैरेनी गाउँपालिकाले नि:शुल्क उपचारको व्यवस्था गर्दै आएको छ। गाउँपालिकाले सामान्य उपचारदेखि आवश्यकताअनुसार जटिल शल्यक्रियासम्मको सेवा नि:शुल्क उपलब्ध गराउँदै आएको जनाएको छ ।

आर्थिक अभावकै कारण स्वास्थ्य उपचार गर्न नसक्ने अवस्थाका नागरिकलाई स्थानीय सरकारको तर्फबाट उपचारको पहुँचमा ल्याउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष शुक्र चुमानले बताए । स्वास्थ्य सेवा पाउनु नागरिकको आधारभूत अधिकार भएकाले आर्थिक हैसियतका आधारमा उपचारको अवसर फरक हुन नहुने उनको भनाई छ ।

अध्यक्ष चुमानले भने, "पैसाको अभावमा कसैको उपचार रोकिनु हुँदैन । आर्थिक अवस्था कमजोर भएकै कारण कुनै पनि नागरिक स्वास्थ्य सेवाबाट वञ्चित नहोस् भन्नेमा गाउँपालिका प्रतिबद्ध छ।"

नि:शुल्क उपचारको सुविधा विशेषगरी आर्थिक रूपमा विपन्न परिवार र स्वास्थ्य समस्या भएका विद्यार्थीका लागि महत्वपूर्ण बन्दै गएको गाउँपालिकाले जनाएको छ। अध्यक्ष चुमानले भने, "उपचारका लागि आवश्यक रकम जुटाउन नसक्ने परिवारलाई उपचार खर्चले थप आर्थिक बोझ पार्ने भएकाले स्थानीय तहबाटै सहयोग उपलब्ध गराउने नीति लिइएको छ ।"

यस कार्यक्रमले उपचारमा मात्र राहत नदिई विपन्न परिवारमा स्वास्थ्यप्रतिको भरोसा बढाउने कामसमेत गरेको अध्यक्ष चुमान बताउँछन् । उनका अनुसार गम्भीर स्वास्थ्य समस्या भएका विद्यार्थीले उपचार खर्चको चिन्ता लिन




नपरेपछि आफ्नो पढाइ र भविष्य निर्माणमा ध्यान केन्द्रित गर्न सहज हुने अपेक्षा गरिएको छ । उनले भने, "नि:शुल्क उपचार भनेको औषधि वा शल्यक्रियाको खर्च मात्र बेहोर्नु होइन, आर्थिक समस्याका कारण निराश बनेका परिवारमा आशा जगाउने प्रयास पनि हो ।"

आँबुखैरेनी अस्पताल गाउँपालिकाकै आन्तरिक स्रोतबाट सञ्चालन हुँदै आएको छ । अस्पतालमार्फत गाउँपालिकाले स्थानीय नागरिकलाई सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयास गरिरहेको जनाएको छ । आवश्यकताका आधारमा विपन्न नागरिक तथा विद्यार्थीलाई थप उपचार तथा जटिल शल्यक्रियाका लागि समेत सहयोग उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

स्थानीय तहले आफ्नै स्रोत परिचालन गरेर स्वास्थ्य उपचारमा लगानी बढाउँदा विपन्न नागरिकलाई उपचारका लागि बाहिर जानुपर्ने बाध्यता कम हुने गाउँपालिकाको अपेक्षा छ । विशेषगरी महँगो उपचार आवश्यक पर्ने अवस्थामा आर्थिक रूपमा कमजोर परिवारले ठूलो रकम जुटाउनुपर्ने अवस्थालाई ध्यानमा राखेर नि:शुल्क उपचारलाई प्राथमिकतामा राखिएको गाउँपालिकाले जनाएको छ ।

आँबुखैरेनी गाउँपालिकाले स्वास्थ्य सेवालाई केवल उपचारमा सीमित नराखी नागरिकको जीवनस्तर र सामाजिक सुरक्षासँग जोडेर अघि बढाउने नीति लिएको जनाएको छ । गाउँपालिकाका अनुसार आर्थिक अवस्था कमजोर भएका नागरिकको उपचारमा सहयोग पुर्‍याउनु स्थानीय सरकारको सामाजिक उत्तरदायित्वसमेत हो ।

विपन्न नागरिक र विद्यार्थीलाई लक्षित गरी सञ्चालन गरिएको नि:शुल्क उपचार कार्यक्रमले स्वास्थ्य सेवामा पहुँचको असमानता कम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । आर्थिक कारणले उपचार रोक्नुपर्ने अवस्था अन्त्य गर्ने लक्ष्यसहित कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिने गाउँपालिकाले जनाएको छ।

अस्पतालमा तनहुँका भानु नगरपालिका, बन्दीपुर गाउँपालिकाका साथै छिमेकी गोरखा जिल्लाका विरामीहरूले पनि सहज रूपमा उपचार सेवा लिंदै आएका छन् ।

# घिरिङमा अपाङ्गता भएका नागरिकको स्वास्थ्य बिमा नि:शुल्क

भञ्ज्याङ समाचारदाता/तनहुँ

तनहुँको घिरिङ गाउँपालिकाले अपाङ्गता भएका नागरिक तथा तिनका परिवारलाई लक्षित गर्दै नि:शुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिएको छ। आर्थिक अभावका कारण स्वास्थ्य उपचारबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले गाउँपालिकाले 'ग' र 'घ' वर्गको अपाङ्गता परिचयपत्र प्राप्त व्यक्ति तथा तिनका सहजरूपमा स्वास्थ्य उपचारको पहुँचमा पु¥याउनु पालिकाको दायित्व हो", अध्यक्ष थापाले भने, "नि:शुल्क स्वास्थ्य बिमाबाट लक्षित नागरिकलाई उपचार खर्चको ठूलो आर्थिक भार कम हुने विश्वास लिएका छौं ।"

गाउँपालिकाका अनुसार पहेँलो रङको 'ग' वर्ग तथा सेतो रङको 'घ' वर्गको अपाङ्गता परिचयपत्र भएका व्यक्तिहरु र उनीहरूका अभिभावकले कार्यक्रममा नि:शुल्क



अभिभावकको स्वास्थ्य बिमा शुल्क आफैं बेहोर्ने भएको हो ।

विगतका वर्षदेखि सञ्चालन हुँदै आएको कार्यक्रमलाई निरन्तरता दिँदै गाउँपालिकाले पहुँचविहीन, विपन्न तथा अपाङ्गता भएका नागरिकलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउने प्रयास गरेको जनाएको छ । स्वास्थ्य बिमाको प्रिमियम तिर्न नसक्ने अवस्थाका नागरिकलाई उपचारमा सहजता प्रदान गर्न पालिकाले बिमा शुल्क व्यहोर्ने निर्णय गरेको गाउँपालिका अध्यक्ष होमबहादुर थापाले बताए।

"अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य बिमा सुविधा पाउनेछन्। कार्यक्रममार्फत अपाङ्गता भएका नागरिकलाई स्वास्थ्य उपचारमा आर्थिक कारणले समस्या नहोस् भन्ने पालिकाको लक्ष्य छ ।

बिमा दर्ता प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाउन गाउँपालिकाले खटाएका स्वास्थ्य बिमा अभिकर्तामार्फत आवश्यक कागजात संकलनको काम सुरू गरिएको छ । लाभग्राहीले अपाङ्गता परिचयपत्रसँगै नेपाली नागरिकताको प्रमाणपत्र वा जन्मदर्ताको प्रतिलिपि अभिकर्तालाई

बाँकी तेश्रो पेजमा

# पूर्वाधारका मुद्दा ९० दिनभित्र टुंग्याउने तयारी

भञ्ज्याङ समाचारदाता/काठमाडौं

सार्वजनिक पूर्वाधार निर्माणसँग सम्बन्धित मुद्दा लामो समय अदालतमा अल्झिँदा आयोजना प्रभावित हुने अवस्थाको अन्त्य गर्न सरकारले छुट्टै पूर्वाधार न्यायाधिकरण गठन गर्ने तयारी गरेको छ । प्रस्तावित कानुनअनुसार पूर्वाधार आयोजनासम्बन्धी मुद्दा दायर भएको मितिले ९० दिनभित्र टुंग्याउनुपर्ने व्यवस्था गरिने भएको हो ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले पूर्वाधार निर्माणसँग सम्बन्धित विवाद छिटो निरूपण गर्ने उद्देश्यले 'पूर्वाधार न्यायाधिकरण गठन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' को मस्यौदा तयार गरी सर्वसाधारणको रायका लागि सार्वजनिक गरेको छ।

प्रस्तावित विधेयकको दफा १० मा न्यायाधिकरणमा दायर भएको मुद्दा ९० दिनभित्र किनारा लगाउनुपर्ने बाध्यकारी व्यवस्था राखिएको छ । पूर्वाधार निर्माणका क्रममा ठेक्का, जग्गा प्राप्ति, मुआब्जा निर्धारणलगायतका विषयमा विवाद उत्पन्न भई अदालतमा मुद्दा पर्दा अन्तिम फैसला आउन वर्षौं लाग्ने र त्यसको प्रत्यक्ष असर आयोजना निर्माणमा पर्ने अवस्थालाई सम्बोधन गर्न यस्तो व्यवस्था प्रस्ताव गरिएको मन्त्रालयले जनाएको छ ।

न्यायाधिकरणको निर्णयमा चित्त नबुझे सम्बन्धित पक्षले ३० दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्नेछन्। प्रस्तावित व्यवस्था अनुसार सर्वोच्च अदालतमा परेको त्यस्तो पुनरावेदनसमेत ९० दिनभित्र टुंग्याउनुपर्नेछ । सरकारले पूर्वाधारसम्बन्धी विवादका लागि छुट्टै विशेषज्ञ निकाय गठन गर्दा आयोजना निर्माणमा देखिने कानुनी अवरोध कम हुने अपेक्षा गरेको छ । विधेयकको औचित्यसम्बन्धी व्यवस्थामा समेत पूर्वाधार आयोजनासम्बन्धी रिट तथा विवाद

बाँकी तेश्रो पेजमा

# बाघबजार, उत्तरशिला र पुल्चोक क्षेत्रको डुबान तथा कटान जोखिम घटाउन बुल्दी खोलमा तटबन्ध

भञ्ज्याङ समाचारदाता/दमौली

वर्षायाममा बुल्दी खोलाको बहाव बढ्दा डुबान र कटानको जोखिममा पर्ने व्यास नगरपालिका–२ का बस्ती संरक्षणका लागि तटबन्ध निर्माणको काम तीव्र पारिएको छ। खोलाको किनारमा रहेका बाघबजार, उत्तरशिला र पुल्चोक टोललाई प्राथमिकतामा राखेर जोखिम न्यूनीकरणका संरचना निर्माण गर्न थालिएको हो ।

बुल्दी खोलामा पानीको सतह बढ्दा विगतमा आसपासका बस्ती तथा भौतिक संरचना प्रभावित हुँदै आएका छन् । खोलाको कटानका कारण किनार क्षेत्र जोखिममा पर्ने र बस्तीमा पानी पस्ने सम्भावना



बढ्ने भएकाले दीर्घकालीन रूपमा जोखिम कम गर्ने उद्देश्यले तटबन्ध निर्माण अघि बढाइएको वडासदस्य सुरेश वाग्लेले जानकारी दिए ।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाअन्तर्गत चालु आर्थिक वर्ष २०८३/०८४ को बजेटबाट निर्माण सुरू गरिएको तटबन्ध निर्माणका लागि एक करोड तीन लाख रूपैयाँको बोलपत्र आह्वान गरिएको वाग्लेले जानकारी दिए ।

उनका अनुसार बुल्दी खोलाको जोखिमयुक्त भाग पहिचान गरी त्यस्ता स्थानमा आवश्यक संरचना निर्माण गर्न लागिएको हो । तटबन्ध

बाँकी दोश्रो पेजमा

# हरितालिका तीज : परम्पराको निरन्तरता र परिवर्तनको चेतना

हरितालिका तीज नेपाली समाजको धार्मिक आस्था, सांस्कृतिक पहिचान र सामाजिक सम्बन्धसँग गहिरो रूपमा जोडिएको महत्वपूर्ण पर्व हो । विशेषतः महिलाहरूले श्रद्धा, उत्साह र उमङ्गका साथ मनाउने यस पर्वको धार्मिक पक्षसँगै सामाजिक, सांस्कृतिक, आर्थिक तथा ऐतिहासिक महत्व पनि उत्तिकै उल्लेखनीय छ । तीज केवल पूजा, व्रत, दर र नाचगानमा सीमित पर्व होइन; यो नेपाली समाजमा महिलाको अनुभूति, अभिव्यक्ति, सम्बन्ध र सामाजिक चेतनाको ऐतिहासिक दस्तावेजसमेत हो । समय परिवर्तनसँगै तीज मनाउने तौरतरिकामा परिवर्तन आएको भए पनि यसको मौलिक सांस्कृतिक महत्वलाई संरक्षण गर्दै यसलाई समसामयिक सामाजिक चेतनासँग जोड्नु आजको आवश्यकता हो ।

धार्मिक मान्यताअनुसार हरितालिका तीज भगवान् शिव र माता पार्वतीसँग सम्बन्धित पर्व हो । माता पार्वतीले भगवान् शिवलाई पतिको रूपमा प्राप्त गर्न कठोर तपस्या गरेको र उनको दृढ संकल्प तथा तपस्याको स्मरणस्वरूप तीज मनाउने परम्परा विकसित भएको विश्वास गरिन्छ। भाद्र शुक्ल तृतीयाका दिन विशेष पूजा, आराधना र व्रत गर्ने परम्परा यस पर्वको धार्मिक विशेषता हो । विवाहित महिलाले पति तथा परिवारको सुख, शान्ति र समृद्धिको कामना गर्ने तथा अविवाहित महिलाले असल जीवनसाथीको कामना गर्ने धार्मिक विश्वास पाइन्छ । यद्यपि वर्तमान समयमा यस्ता धार्मिक अभ्यासलाई व्यक्तिगत आस्था, स्वतन्त्रता र स्वास्थ्यको दृष्टिले पनि विवेकपूर्ण रूपमा ग्रहण गर्न आवश्यक छ ।

तीजको वास्तविक शक्ति यसको सांस्कृतिक पक्षमा पनि निहित छ । नेपाली समाजमा महिलाहरूका लागि आफ्ना सुख–दुःख, अनुभव, आकाङ्क्षा र सामाजिक अवस्थाबारे खुलेर अभिव्यक्ति दिने अवसर सधैँ सहज थिएन। यस्तो अवस्थामा तीजका गीत, नृत्य तथा सामूहिक भेटघाट महिलाका भावनात्मक अभिव्यक्तिका महत्वपूर्ण माध्यम बने । परम्परागत तीज गीतमा माइतीप्रतिको माया, वैवाहिक जीवनका अनुभव, पारिवारिक सम्बन्ध तथा सामाजिक अवस्थाका विषय अभिव्यक्त हुँदै आएका छन् । पछिल्लो समय भने तीजका सिर्जनामा महिला अधिकार, शिक्षा, स्वास्थ्य, हिंसा विरूद्धको चेतना, लैङ्गिक समानता र सामाजिक न्यायका विषयसमेत समेटिन थालेका छन् । यसले तीजलाई केवल धार्मिक पर्वबाट सामाजिक संवादको प्रभावकारी माध्यमतर्फ विकसित गरिरहेको देखिन्छ ।

तीजले पारिवारिक तथा सामाजिक सम्बन्धलाई सुदृढ बनाउन पनि महत्वपूर्ण भूमिका खेल्छ । विवाहपछि टाढिएका दिदीबहिनी तथा आफन्तबीच भेटघाट गर्ने, माइतीघर जाने, सामूहिक रूपमा दर खाने, गीत गाउने र नाच्ने परम्पराले




आत्मीयता र सामाजिक सद्भाव अभिवृद्धि गर्छ । विशेषगरी नेपाली समाजमा माइती र चेलीबीचको भावनात्मक सम्बन्धलाई तीजले विशेष महत्व दिएको पाइन्छ । यस अर्थमा तीज एउटा परिवार वा समुदायको मात्र पर्व नभई पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको सांस्कृतिक सम्पदाको निरन्तरता पनि हो ।

आर्थिक दृष्टिले पनि तीजको प्रभाव विस्तार हुँदै गएको छ। पर्वका अवसरमा खाद्यवस्तु, कपडा, गरगहना, सौन्दर्य सामग्री, उपहार तथा अन्य वस्तुको माग बढ्ने गर्दछ । होटल, रेस्टुरेन्ट, यातायात, पर्यटन, हस्तकला, पोसाक तथा आभूषण व्यवसायमा समेत आर्थिक गतिविधि बढेको देखिन्छ । विशेषतः महिलाद्वारा सञ्चालित घरेलु तथा साना उद्यमका उत्पादनलाई बजार उपलब्ध गराउने अवसर तीजले सिर्जना गर्छ । यदि तीजलाई स्थानीय उत्पादन, घरेलु उद्यम र महिला उद्यमशीलताको प्रवर्द्धनसँग जोड्न सकियो भने यसको आर्थिक महत्व अझ प्रभावकारी बन्न सक्छ तर यहाँ एउटा गम्भीर प्रश्न पनि उठ्छ । के तीज सांस्कृतिक उत्सवभन्दा बढी प्रदर्शन र प्रतिस्पर्धाको माध्यम बन्दै गएको त होइन ? पछिल्ला वर्षहरूमा तीज मनाउने क्रममा अत्यधिक खर्च, महँगा पोसाक तथा गरगहनाको प्रदर्शन, अनावश्यक भोजभतेर र सामाजिक सञ्जालमा देखासिकी गर्ने प्रवृत्ति बढेको देखिन्छ । पर्वको उद्देश्य आत्मीयता, आस्था र सामाजिक सम्बन्ध सुदृढ गर्नु हो; आर्थिक हैसियत प्रदर्शन गर्नु होइन ।

त्यसैले तीजको नाममा हुने अनावश्यक खर्च र उपभोगवादी प्रवृत्तिको आलोचनात्मक समीक्षा आवश्यक छ । यसपटक भने भोटेकोशी बाढीको प्रभावका कारण मानवीय संवेदनालाई ख्याल गरी तीजको रमझम घटेको र सोही खर्च कटौती गरी सहयोगको हात बढाएको प्रष्ट देख्न सकिन्छ ।

यसैगरी तीजका धार्मिक अभ्यासलाई पनि समसामयिक दृष्टिले बुझ्नुपर्छ । धार्मिक आस्था व्यक्तिको मौलिक अधिकार हो, तर कुनै पनि धार्मिक अभ्यास, स्वास्थ्य, इच्छा वा व्यक्तिगत स्वतन्त्रता विरूद्ध दबाबका रूपमा लागू हुनु उचित हुँदैन । विशेषगरी व्रत तथा खानपानका विषयमा आफ्नो स्वास्थ्य अवस्थालाई ध्यान दिन आवश्यक हुन्छ । परम्पराको सम्मान गर्नु भनेको त्यसका प्रत्येक अभ्यासलाई बिना प्रश्न दोहोऱ्याउनु मात्र होइन; समय, परिस्थिति र ज्ञानका आधारमा सकारात्मक पक्षलाई संरक्षण गर्दै आवश्यक सुधार गर्नु पनि हो ।

शैक्षिक दृष्टिले हेर्दा तीज नेपाली समाज र संस्कृतिको अध्ययनका लागि महत्वपूर्ण विषय हो । यस पर्वमार्फत विद्यार्थीले धर्म, संस्कृति, परम्परा, लैङ्गिक भूमिका, सामाजिक सम्बन्ध, आर्थिक गतिविधि र सामाजिक परिवर्तन बीचको सम्बन्ध बुझ्न सक्छन् । तीजका गीतमा अभिव्यक्त सामाजिक यथार्थको अध्ययनले लोकसाहित्य र समाजबीचको सम्बन्धसमेत स्पष्ट पार्न सक्छ । त्यसैले विद्यालय तथा उच्च शिक्षाका तहमा तीजलाई केवल सांस्कृतिक कार्यक्रमका रूपमा नभई नेपाली समाज, लोकसंस्कृति, महिला सशक्तीकरण र सामाजिक परिवर्तन अध्ययन गर्ने शैक्षिक विषयका रूपमा पनि प्रयोग गर्न सकिन्छ।

आजको तीजलाई महिला सशक्तीकरणसँग जोड्नु अझ सान्दर्भिक छ । महिलाको शिक्षा, स्वास्थ्य, आर्थिक आत्मनिर्भरता, सम्पत्तिमाथिको अधिकार, निर्णय प्रक्रियामा सहभागिता, नेतृत्व क्षमता तथा हिंसाविरूद्धको चेतनाजस्ता विषयलाई तीजका सांस्कृतिक गतिविधिसँग जोड्न सकिन्छ । तीजका गीत मनोरञ्जनका माध्यम मात्र नभई सामाजिक चेतना प्रवाह गर्ने प्रभावकारी माध्यम बन्न सक्छन् । 'चेलीका पीडा' मात्र गाउने परम्पराबाट अगाडि बढेर 'चेलीका अधिकार, सम्भावना र उपलब्धि'का विषयलाई पनि तीजको सिर्जनामा स्थान दिनुपर्ने समय आएको छ ।

संस्कृति स्थिर वस्तु होइन भन्ने कुरा इतिहासले पनि देखाएको छ । यो समय, समाज र चेतनासँगै परिवर्तन हुँदै जान्छ। त्यसैले तीजको मौलिकता जोगाउनु भनेको पुराना सबै अभ्यासलाई जस्ताको तस्तै दोहोऱ्याउनु होइन । यसको सकारात्मक सांस्कृतिक पक्षलाई संरक्षण गर्दै विभेद, असमानता, अनावश्यक खर्च र देखासिकीलाई निरूत्साहित गर्नु नै संस्कृतिको स्वस्थ विकास हो । परम्परा र परिवर्तनबीच सन्तुलन कायम गर्न सके मात्र तीज भावी पुस्ताका लागि पनि अर्थपूर्ण बन्न सक्छ ।

आजको आवश्यकता तीजलाई भड्किलो प्रदर्शनको पर्व बनाउने होइन, आस्था, आत्मीयता, समानता र सामाजिक चेतनाको पर्व बनाउने हो । तीजका अवसरमा स्थानीय उत्पादनको प्रयोग, महिला उद्यमको प्रवर्द्धन, सामाजिक सेवाका कार्यक्रम, स्वास्थ्य तथा शिक्षा सम्बन्धी चेतनामूलक गतिविधि र महिला अधिकारसम्बन्धी संवाद सञ्चालन गर्न सकिन्छ । यसो गर्दा एउटा सांस्कृतिक पर्व सामाजिक रूपान्तरणको अभियानसँग पनि जोडिन सक्छ ।

अन्ततः हरितालिका तीज नेपाली समाजको धार्मिक विश्वास, सांस्कृतिक निरन्तरता, पारिवारिक आत्मीयता र महिला अभिव्यक्तिको समृद्ध परम्परा हो । यसले विगतको सामाजिक जीवनलाई प्रतिबिम्बित गर्नुका साथै वर्तमान समाजको परिवर्तनशील चेतनालाई पनि प्रतिनिधित्व गरिरहेको छ। त्यसैले तीजको संरक्षणसँगै यसको पुनर्व्याख्या पनि आवश्यक छ । परम्पराको सम्मान गरौँ, विकृतिको अन्त्य गरौँ; आस्थालाई कायम राख्दै समानता, आत्मनिर्भरता र सामाजिक चेतनालाई अघि बढाऔँ । यही दृष्टिकोणबाट मनाइएको तीज मात्र हाम्रो संस्कृति, समाज र भावी पुस्ताका लागि वास्तवमै अर्थपूर्ण र अनुकरणीय बन्न सक्छ ।

# बाघबजार, उत्तरशिला र पुल्चोक ............

निर्माणपछि खोलाको किनार कटान रोक्न तथा वर्षायाममा बस्तीमा हुन सक्ने डुबानको जोखिम घटाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

"वर्षायाममा खोलाको बहाव बढ्दा जोखिममा पर्ने क्षेत्रलाई प्राथमिकतामा राखेर काम अघि बढाइएको छ", वाग्लेले भने, "तटबन्ध निर्माणपछि खोलाको कटान नियन्त्रण हुनुका साथै आसपासका बस्तीमा डुबानको जोखिम पनि कम हुने अपेक्षा गरेका छौँ ।"

बुल्दी खोलाको बहावले विशेषगरी वर्षायाममा जोखिम बढाउने भएकाले निर्माण कार्यलाई समयमै सम्पन्न गर्ने गरी अघि बढाइएको छ । तटबन्धसँगै खोलाको किनार व्यवस्थापन र आवश्यक अन्य संरचना निर्माण गर्न सके भविष्यमा हुने सम्भावित क्षति कम गर्न सकिने वडा कार्यालयले बताएको छ ।

बुल्दी खोलामा तटबन्ध निर्माणसँगै व्यास नगरपालिका–१ का केही जोखिमयुक्त स्थानमा समेत यस्तै प्रकृतिका संरचना निर्माणको काम भइरहेको वडासदस्य वाग्लेले जानकारी दिए । उनका अनुसार नगरभित्र बाढी तथा कटानको जोखिममा रहेका स्थान पहिचान गरी आवश्यकताअनुसार तटबन्ध तथा अन्य पूर्वाधार निर्माणलाई क्रमशः विस्तार गरिनेछ ।

खोलाको प्रभावित क्षेत्रमा बस्ती विस्तार हुँदै गएपछि वर्षायाममा खोला तथा नदीको बहाव बढ्दा बस्ती तथा सार्वजनिक संरचनामा हुने क्षति रोक्न पूर्वतयारीमै लगानी गर्नुपर्ने आवश्यकता देखिँदै आएको छ । बुल्दी खोलाको तटबन्ध निर्माणलाई पनि सोही पूर्वतयारीको एउटा महत्वपूर्ण कामका रूपमा लिइएको छ ।

वर्षौंदेखि खोलाको बहाव र कटानको जोखिम झेल्दै आएका बस्तीमा तटबन्ध निर्माण भएपछि स्थानीय बासिन्दाले राहत महसुस गर्ने अपेक्षा गरिएको छ । निर्माणको गुणस्तर कायम गर्दै जोखिमयुक्त सबै क्षेत्रमा आवश्यक संरचना विस्तार गर्न सके बुल्दी खोला आसपासको बस्तीलाई वर्षायाममा हुने सम्भावित क्षतिबाट थप सुरक्षित बनाउन सकिने देखिएको छ ।

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५
जि.प्र.का.द.नं. २९२१/०७३/७४
प्यान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ प्यान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

## तपाईको आज

**मेष**
आत्मविश्वास बढ्नेछ। रोकिएका काम अघि बढ्ने सम्भावना छ। व्यवसायमा नयाँ अवसर आउन सक्छ।

**वृष**
कामको जिम्मेवारी बढ्न सक्छ। आम्दानीका नयाँ बाटा खोज्न सकिनेछ। साथीभाइबाट सहयोग मिल्नेछ।

**मिथुन**
नयाँ योजना बनाउन अनुकूल समय छ। अध्ययन तथा बौद्धिक क्षेत्रमा सफलता मिल्नेछ।

**कर्कट**
काममा केही चुनौती आए पनि धैर्यले समाधान गर्न सकिनेछ। आर्थिक पक्ष सामान्य रहनेछ।

**सिंह**
जिम्मेवारी पूरा गर्न सफल हुनुहुनेछ। नयाँ व्यक्तिसँगको भेटघाट लाभदायी बन्न सक्छ। व्यापारमा सुधार आउनेछ।

**कन्या**
अधुरा काम पूरा गर्ने अवसर मिल्नेछ। कार्यालय तथा व्यवसायमा तपाईंको योजना प्रभावकारी बन्न सक्छ।

**तुला**
सामाजिक तथा व्यावसायिक क्षेत्रमा नयाँ सम्पर्क बन्नेछ। रोकिएको आर्थिक काम अघि बढ्न सक्छ।

**वृश्चिक**
महत्वपूर्ण काममा सफलता मिल्न सक्छ। आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस्।

**धनु**
नयाँ अवसरले उत्साह बढाउनेछ। अध्ययन, लेखन तथा सिर्जनात्मक काममा सफलता मिल्नेछ।

**मकर**
कामको चाप बढे पनि जिम्मेवारी पूरा गर्न सफल हुनुहुनेछ। आर्थिक क्षेत्रमा सुधारका संकेत छन्।

**कुम्भ**
नयाँ सोच र योजनालाई अघि बढाउने समय छ। सामाजिक क्षेत्रमा प्रतिष्ठा बढ्नेछ।

**मीन**
आजको दिन मिश्रित रहनेछ। काममा केही ढिलाइ भए पनि अन्ततः सफलता हात लाग्नेछ।



## कृष्णभीरमा नयाँ बाटो

काठमाडौं जोड्ने राजमार्ग अन्तर्गत धादिङको कृष्णभीरमा भदौ १४ मा त्रिशूलीले सडकको बेस नै कटान गरेपछि सय मिटर सडक भासिएपछि सडक विस्तार गरिँदै । कृष्णभीरमा भासिएकै ठाउँभन्दा माथि नयाँ ट्र्याक खोल्ने र त्यसलाई सवारीको सहज आवतजावतका लागि तयार पार्ने काम यतिबेला धमाधम भइरहेको छ । पहाड काटेर २५० मिटर ट्र्याक दुवैतिर जोड्ने काम सकिइसकेको छ । ग्राभेल, रोलिङको काम आइतबारबाट सुरु गर्ने र ३-४ दिनमै सकेर यातायात सञ्चालनमा ल्याइने नागढुंगा-मुग्लिङ सडक योजना, पश्चिम खण्डकी योजना प्रमुख सजना अधिकारीले बताइन् । कृष्णभीरमा पहिरो खसेपछि अत्यावश्यक वस्तु ढुवानी प्रभावित छ ।

*तस्बिर : प्रकाशचन्द्र तिमिल्सेना/नेपाल फोटो लाइब्रेरी*

# पूर्वाधारका मुद्दा ९० ........

लामो समयसम्म विचाराधीन रहँदा देशभरका सयौं आयोजना वर्षौंसम्म अलपत्र पर्ने अवस्था रहेको उल्लेख गरिएको छ ।

प्रस्तावित कानुनअनुसार सडक, जलविद्युत् तथा विद्युत् प्रसारण लाइन, विमानस्थल, सूचना प्रविधि, सहरी विकास, खानेपानी लगायतका भौतिक पूर्वाधारको निर्माण, मर्मत तथा सम्भारसँग सम्बन्धित विवाद न्यायाधिकरणको क्षेत्राधिकारमा पर्नेछन् ।

सार्वजनिक खरिद र पूर्वाधार निर्माणसँग सम्बन्धित संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) का साझेदारबीचको विवाद, बोलपत्रको कार्यसम्पादन जमानत तथा अग्रिम भुक्तानी जमानतसम्बन्धी विवादसमेत न्यायाधिकरणले हेर्ने प्रस्ताव गरिएको छ ।

त्यसैगरी सार्वजनिक पूर्वाधार निर्माणका ठेक्का, सार्वजनिक-निजी साझेदारी (पीपीपी) आयोजना, निर्माण व्यवसायी तथा परामर्शदातासँग सम्बन्धित जनशक्ति, आपूर्तिकर्ता, आयोजना प्रभावित व्यक्ति, संस्था वा समुदायबीच उत्पन्न विवादलाई समेत न्यायाधिकरणको क्षेत्राधिकारमा समेटिएको छ ।

आयोजनाका लागि आवश्यक निर्माण सामग्री उत्खनन गर्ने विधि र स्थान, आयोजना सम्पन्न भएपछि मर्मत-सम्भार तथा सञ्चालनमा निर्माण व्यवसायीको दायित्वसम्बन्धी विवाद पनि यही निकायबाट निरूपण गर्ने प्रस्ताव छ ।

आयोजनाको सीमा क्षेत्र अर्थात् 'राइट अफ वे', जग्गा प्राप्ति तथा भोगाधिकार, ठेक्का तथा सार्वजनिक खरिदअन्तर्गत ठेकेदार छनोट, ठेक्का अन्त्य र निर्माण व्यवसायी वा आपूर्तिकर्तालाई कालोसूचीमा राख्ने विषयमा उत्पन्न विवादसमेत न्यायाधिकरणले हेर्नेछ ।

**मुद्दा परेकै आधारमा आयोजना रोक्न नपाइने**

प्रस्तावित विधेयकको अर्को महत्वपूर्ण व्यवस्था भनेको मुद्दा परेकै कारण सार्वजनिक पूर्वाधार निर्माणको काम स्वतः रोक्न नपाइने हो । अदालत वा न्यायाधिकरणले अन्यथा आदेश दिएको अवस्थामा बाहेक मुद्दा दायर भएको आधारमा आयोजना निर्माण रोक्न नहुने व्यवस्था विधेयकमा प्रस्ताव गरिएको छ । सरकारका अनुसार यस्तो व्यवस्थाले निर्माणाधीन आयोजना विरूद्ध मुद्दा परेपछि त्यसैलाई आधार बनाएर निर्माण प्रक्रिया लामो समय अवरूद्ध हुने प्रवृत्ति रोक्न सहयोग पुग्नेछ । यद्यपि आवश्यक देखिएमा न्यायाधिकरणले अन्तरकालीन आदेश जारी गरी आयोजना वा त्यससँग सम्बन्धित काम रोक्न सक्ने व्यवस्था पनि राखिएको छ ।

**तीन सदस्यीय न्यायाधिकरण**

विधेयकअनुसार कानुन संसद्बाट पारित भई राष्ट्रपतिबाट प्रमाणीकरण भएर ऐनका रूपमा कार्यान्वयनमा आएपछि नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी पूर्वाधार न्यायाधिकरण स्थापना गर्नेछ ।

न्याय परिषद्को परामर्शमा उच्च अदालतका न्यायाधीशमध्येबाट मन्त्रिपरिषद्ले तोकेको एक जना न्यायाधीश न्यायाधिकरणको अध्यक्ष हुने प्रस्ताव छ । त्यस्तै अर्थशास्त्र, व्यवस्थापन, वाणिज्य कानुन वा वित्त विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सार्वजनिक खरिद क्षेत्रमा कम्तीमा १५ वर्ष काम गरेको व्यक्तिमध्येबाट एक जना विज्ञ सदस्य नियुक्त गरिनेछ।

इन्जिनियरिङ विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी आयोजना व्यवस्थापनको क्षेत्रमा १५ वर्षको अनुभव भएको व्यक्तिलाई अर्को विज्ञ सदस्यका रूपमा नियुक्त गर्ने प्रस्ताव गरिएको छ । यसरी न्यायिक ज्ञानसँगै सार्वजनिक खरिद र आयोजना व्यवस्थापन सम्बन्धी प्राविधिक विशेषज्ञता भएका तीन सदस्य रहने संरचना प्रस्ताव गरिएको हो ।

प्रस्तावित न्यायाधिकरणको मुख्यालय काठमाडौं उपत्यकामा रहनेछ र यसको प्रादेशिक क्षेत्राधिकार नेपालभर हुनेछ । आवश्यकता देखिएमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी थप न्यायाधिकरण स्थापना गर्न सक्ने व्यवस्था पनि विधेयकमा समेटिएको छ ।

पूर्वाधार निर्माणलाई तीव्रता दिने नाममा कानुनी उपचारको अधिकार कमजोर नहोस् र अर्कोतर्फ मुद्दाका कारण वर्षौंसम्म राष्ट्रिय महत्वका आयोजना रोकिइरहने अवस्था पनि नआओस् भन्ने दुईवटा पक्षबीच सन्तुलन कायम गर्नु प्रस्तावित कानुनको मुख्य चुनौती हुनेछ ।

सरकारले विधेयक कार्यान्वयनमा आएपछि पूर्वाधारसम्बन्धी विवादको शीघ्र निरूपण हुने र आयोजना निर्माणमा देखिने कानुनी अवरोध घट्ने अपेक्षा गरेको छ। तर, ९० दिनको समयसीमा व्यवहारमा कसरी कार्यान्वयन हुन्छ र न्यायाधिकरणले छिटो फैसला गर्दा मुद्दाको गुणस्तर तथा न्यायिक परीक्षणमा कुनै असर पर्छ कि पर्दैन भन्ने विषय भने कानुन कार्यान्वयनसँगै महत्वपूर्ण बन्नेछ ।

**व्यास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमौली तनहुँ । गण्डकी प्रदेश

**नगर लोककल्याणकारी सन्देश**

नगरको वातावरण स्वच्छ र सफा राख्ने उद्देश्यले यही २०८१ जेठ १ गतेदेखि व्यास नगरपालिका भित्र कुनै प्रकारको प्लाष्टिकको झोला प्रयोग गर्न पूर्ण रुपमा निषेध गर्ने निर्णय भएको हुनाले सम्पूर्ण नगरबासीहरूले सामान खरिद गर्दा कपडा, फाइवर, जुट र कागजको झोला मात्र प्रयोग गरिदिनुहुन अनुरोध गरिन्छ। साथै व्यापारी वर्गहरूले समेत प्लाष्टिकको झोलाको सट्टा वैकल्पिक झोलाहरू मात्र बिक्री वितरण गरी 'प्लाष्टिक झोला मुक्त व्यास नगर अभियान'लाई सफल बनाउने दायित्व सम्पूर्ण नगरबासीहरूको पनि भएको हुँदा सूचनाको पालना गरिदिनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ। यदि कोही कसैले नियम विपरित बिक्री वितरण वा प्रयोग गरेको पाइएमा प्लाष्टिक झोला जफत गरी नियमानुसार जरिवाना गरिने व्होरा समेत सूचित गरिन्छ ।




**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com,
www.bhanjyangnews.com

# घिरिङमा अपाङ्गता भएका .............

उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको छ ।

गाउँपालिकाले एउटै परिवारमा दोहोरो सुविधा नपर्ने गरी लाभग्राहीको विवरण रूजु गर्ने व्यवस्था पनि मिलाएको छ। परिवारमा पूर्ण अशक्त 'क' वर्ग अर्थात् रातो र अति अशक्त 'ख' वर्ग अर्थात् निलो अपाङ्गता परिचयपत्र भएका सदस्य रहेमा सोही आधारमा विवरण परीक्षण गरी मात्र बिमा दर्ता प्रक्रिया अघि बढाइने गाउँपालिकाले जनाएको छ ।

स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि बिमा अभिकर्तालाई आवश्यक विवरण तथा कागजात समयमै पेस गर्न गाउँपालिकाले आग्रह गरेको छ । अभिकर्ताहरूले आगामी असोज १५ गतेभित्र आवश्यक कागजातसहित बिमा शुल्क भुक्तानीका लागि लाभग्राहीको विवरण गाउँपालिकामा पेस गरिसक्नुपर्ने समयसीमा तोकिएको छ ।

स्थानीय अपाङ्गता समन्वय समितिको हाले बसेको बैठकको निर्णयअनुसार कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो । योग्य लाभग्राही नछुटून् र तोकिएको समयभित्रै बिमा प्रक्रिया पूरा होस् भन्ने उद्देश्यले अपाङ्गता भएका व्यक्ति, उनीहरूका अभिभावक तथा स्वास्थ्य बिमा अभिकर्तालाई लक्षित गरी सार्वजनिक सूचना जारी गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद ढकालले जानकारी दिए ।

गाउँपालिकाले अपाङ्गता भएका नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित गर्न स्वास्थ्य बिमालाई सामाजिक संरक्षणको कार्यक्रमका रूपमा अघि बढाएको जनाएको छ। आर्थिक रुपमा कमजोर परिवारमा अपाङ्गता भएका सदस्यको उपचारमा हुने अतिरिक्त खर्चले पारिवारिक आयमा थप भार पार्ने भएकाले निःशुल्क बिमा कार्यक्रम प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
**व्यास नगरपालिका-२, दमौली तनहुँ**
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
**हाम्रा उपलब्ध सेवाहरू :**
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिसा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डाद्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेबुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।**
**सम्पर्क : ०६५-५६३९०७**
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९


# पोखरा बसपार्क खाली गराउने प्रक्रिया आजबाट

## ३२५ परिवार भूमिहीन र २४२ अव्यवस्थित बसोबासी पहिचान

भञ्ज्याङ समाचारदाता/पोखरा

पृथ्वीचोकस्थित पोखरा बसपार्कको जग्गा खाली गराई भूमिहीन तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रक्रिया आइतबारदेखि पुनः सुरु हुने भएको छ । भूमिहीनका लागि वैकल्पिक जग्गाको खोजी तथा बसपार्कको जग्गा बीचमा बिक्री भएको विषयमा छानबिन गर्न थालिएको अभियान केही समय रोकिएपछि पुनः अघि बढाउन लागिएको हो ।

भोटेकोसीमा आएको बाढीपछि उद्धार तथा राहतका कामलाई प्राथमिकता दिनुपरेकाले बसपार्क व्यवस्थापनको प्रक्रिया केही दिन रोकिएको पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले बताए । अब आइतबारदेखि बाँकी निर्णय प्रक्रिया अघि बढाइने उनले जानकारी दिए।

"बाढीपछि उद्धार र राहतका काममा प्राथमिकता दिनुपरेकाले केही समय प्रक्रिया रोकिएको थियो," प्रमुख आचार्यले भने, "आइतबारदेखि बाँकी निर्णय प्रक्रिया अघि बढाउँछौं।" बसपार्क क्षेत्रको व्यवस्थापनसँगै भूमिहीन तथा सुकुमबासी समस्या समाधानका लागि गठित जिल्ला समितिको निर्णय प्रक्रिया पनि अगाडि बढिरहेको महानगरले जनाएको छ । मनसुन क्रमशः कमजोर हुँदै गएकाले बसपार्क व्यवस्थापनसँगै फिर्के खोलाको बाँकी कामलाई समेत अघि बढाउने तयारी महानगरको छ ।

महानगरपालिकाले गरेको छानबिनको अन्तिम प्रतिवेदन अनुसार बसपार्क क्षेत्रमा ३२५ परिवार भूमिहीन र २४२ परिवार अव्यवस्थित बसोबासी रहेका छन्। महानगर कार्यपालिकाको बैठकले उनीहरूको विवरणसमेत प्रमाणीकरण गरिसकेको छ ।

बसपार्कको जग्गा खाली



गराउने प्रक्रिया अघि बढाउनुअघि वास्तविक भूमिहीनको पहिचान, वैकल्पिक व्यवस्थापन र जग्गाको स्वामित्वसम्बन्धी विषय टुंग्याउनुपर्ने चुनौती महानगरसामु छ । यसै क्रममा बसपार्क क्षेत्रको जग्गा बीचमा बिक्री भएको भनिएको विषयमा समेत छानबिन भइरहेको छ ।

पृथ्वी राजमार्ग र सिद्धार्थ राजमार्गको सङ्गमस्थल पृथ्वीचोकमा सुविधासम्पन्न बसपार्क निर्माण गर्ने उद्देश्यले विसं २०३२ मा जग्गा अधिग्रहण गरिएको थियो । तर, अधिग्रहण गरिएको जग्गामा लामो समयदेखि विभिन्न संरचना निर्माण हुँदै गएपछि बसपार्कको निर्धारित स्वरूप विकास हुन सकेको छैन । हाल बसपार्कको जग्गामा पाँच वटा सुकुमबासी टोल, सरकारी विद्यालय तथा अन्य व्यक्तिका घरसमेत रहेका छन्। यसका कारण बसपार्क निर्माणका लागि अधिग्रहण गरिएको जग्गा उपयोगविहीन हुँदै आएको छ भने पोखराको मुख्य प्रवेशद्वारसमेत मानिने पृथ्वीचोकको यातायात व्यवस्थापनमा समेत समस्या देखिँदै आएको छ ।

महानगरले बसपार्कको जग्गा सार्वजनिक प्रयोजनमा उपयोग गर्ने र भूमिहीन तथा अव्यवस्थित बसोबासीको उचित व्यवस्थापन गर्ने नीति अघि सारेको छ । तर, वर्षौंदेखि बसोबास गर्दै आएका परिवारलाई विस्थापित नगरी वैकल्पिक व्यवस्थापन गर्नुपर्ने दबाबसमेत महानगरमाथि छ ।

बसपार्क व्यवस्थापनको विषय पोखराको यातायात पूर्वाधारसँग मात्र जोडिएको छैन । सार्वजनिक प्रयोजनका लागि अधिग्रहण गरिएको जग्गा कसरी संरक्षण गर्ने, वास्तविक भूमिहीनलाई कसरी न्याय दिने र सार्वजनिक सम्पत्तिमाथिको अनधिकृत प्रयोग कसरी रोक्ने भन्ने प्रश्नसमेत यससँग जोडिएको छ ।

महानगरले अब अघि बढाउने निर्णयले वर्षौंदेखि अल्झिएको पोखरा बसपार्कको समस्या समाधानको बाटो खोल्ने अपेक्षा गरिएको छ । त्यसका लागि भूमिहीनको वैकल्पिक व्यवस्थापन, अव्यवस्थित बसोबासीको वर्गीकरण तथा बसपार्कको जग्गासम्बन्धी विवादलाई पारदर्शी ढङ्गले टुंग्याउनुपर्ने देखिन्छ।

facebook twitter



**Nilamber Acharya**
x.com/nilacharya

दुःख पीडा नआएको राम्रो हो
तर यदाकदा आइहाल्छन् ।
विचलित पार्न खोज्छन् ।
सामना गर्नैपर्छ ।
कहिलेकाहीँ ढीठ असभ्यको फेला परिन्छ ।
ऊ असभ्य छ भन्दैमा आफू असभ्य बन्न मिल्दैन।
केही समय बेहोर्नैपर्छ ।
मित्रहरु प्रिय हुन्छन्
भेटघाट रमाइलो हुन्छ
समयको बाँडफाट भने उपयुक्त हुनुपर्छ ।



**Shobu katwal ??**
x.com/Ayushobu8099

शिक्षामन्त्रीज्यूको भिडियो हेरे त्यो अवस्था दुर्भाग्यपूर्ण हो ! तर, यस्ता प्रवृत्तिका प्रशिक्षक-परिचालकहरु, अपवादबाहेक, आजकै सत्ताधारी र समर्थकहरूमा देखिन्छन् । नपत्याए समाचारका कमेन्ट हेर्नुस पोस्ट जे भए पनि '३५ वर्ष', 'तेरो सरकार', 'फ्लोले' ! सरकार सबैको हो भन्ने सामान्य चेतसमेत छैन ।

# बन्दीपुर थरुवासमा नवौं जिवईसि कप गाउँस्तरीय पुरुष भलिबल प्रतियोगिता

भञ्ज्याङ समाचारदाता/बन्दीपुर

गोरखकाली युवा क्लब बन्दीपुर-४, भुमर्सको आयोजनामा बन्दीपुर गाउँपालिका-२, थारुबासमा जारी 'नवौं जिवाईसि कप-२०८३' गाउँस्तरीय पुरुष भलिबल प्रतियोगिताको पहिलो चरणअन्तर्गत शनिबार तीन खेल सम्पन्न भएका छन् ।

शनिबार भएका खेलमा जुन तारा युवा क्लब र आयोजक गोरखकाली युवा क्लबले जित निकालेका छन् भने हरिनास-६, स्याङ्जाले बेनिकोट तनहुँ युवा क्लबलाई पराजित गर्दै दोस्रो चरणमा स्थान बनाएको छ ।



पहिलो खेलमा जुन तारा युवा क्लबले सप्तरङ्गी युवा क्लबलाई पराजित गरेको हो । प्रतिस्पर्धात्मक खेलमा जुन ताराले पहिलो सेट आफ्नो पक्षमा पारेको थियो। दोस्रो सेटमा भने सप्तरङ्गीले पुनरागमन गर्दै खेल बराबरीमा ल्यायो। निर्णायक तेस्रो सेटमा जुन ताराले उत्कृष्ट प्रदर्शन गर्दै सप्तरङ्गीलाई पछि पाऱ्यो र खेल आफ्नो पक्षमा पार्न सफल भयो ।

शनिबारको दोस्रो खेलमा आयोजक गोरखकाली युवा क्लबले केराबारी युवा क्लब, बन्दीपुरलाई सोझो दुई सेटमा पराजित गऱ्यो। घरेलु मैदानमा खेलेको आयोजक टोलीले दुवै सेटमा प्रभावशाली प्रदर्शन गर्दै जित हात पारेको हो।

यसैगरी शनिबारको अन्तिम खेलमा हरिनास-६, स्याङ्जा र बेनिकोट तनहुँ युवा क्लबबीच प्रतिस्पर्धा भएको थियो । पहिलो सेट बेनिकोटले जित्दै खेलमा सुरुआती अग्रता बनाएको थियो। तर त्यसपछि हरिनासले उत्कृष्ट पुनरागमन गऱ्यो। लगातार दोस्रो र तेस्रो सेट आफ्नो पक्षमा पार्दै हरिनासले बेनिकोटलाई पराजित गरेको हो। जितसँगै हरिनास प्रतियोगिताको दोस्रो चरणमा प्रवेश गरेको छ ।

गोरखकाली युवा क्लबको आयोजनामा भदौ २५ गतेदेखि २९ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा गाउँस्तरका पुरुष भलिबल टोलीहरूको सहभागिता रहेको आयोजकले जनाएको छ। 'खेल स्वास्थ्यका लागि, स्वस्थ युवा देश निर्माणका लागि' भन्ने नाराका साथ प्रतियोगिता आयोजना गरिएको हो ।

प्रतियोगिताको विजेता टोलीले नगद १ लाख १ हजार १११ रुपैयाँ सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछ । उपविजेता टोलीले ५१ हजार १११ रुपैयाँ तथा तृतीय हुने टोलीले ३१ हजार १११ रुपैयाँ नगद पुरस्कार पाउने आयोजकले जनाएको छ। विजेता, उपविजेता र तृतीय हुने टोलीलाई नगदसँगै मेडल, ट्रफी तथा प्रमाणपत्र प्रदान गरिनेछ ।

प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई समेत व्यक्तिगत विधातर्फ विशेष पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ । गाउँस्तरमा रहेका खेलाडीको प्रतिभा पहिचान, खेलप्रतिको आकर्षण बढाउने तथा युवालाई स्वस्थ र सिर्जनशील गतिविधिमा जोड्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको आयोजकको भनाइ छ ।

भदौ २९ गतेसम्म सञ्चालन हुने प्रतियोगिताका बाँकी खेलसँगै दोस्रो चरणका प्रतिस्पर्धा अघि बढ्ने आयोजकले जनाएको छ ।

# मनास्लुको शिखर ताक्दै ४२२ आरोही

## सामागाउँदेखि आधार शिविरसम्म बढ्यो चहलपहल, आरोहण मार्ग तयार पार्न शेर्पा टोली सक्रिय

भञ्ज्याङ समाचारदाता/गोरखा

उत्तरी गोरखाको हिमाली बस्ती सामागाउँदेखि मनास्लु आधार शिविरसम्म यतिबेला मानिसको चहलपहल बढेको छ । सेताम्मे हिमालको काखमा शरद् ऋतुको आरोहण सिजन सुरु भएसँगै संसारको आठौं अग्लो हिमाल मनास्लुको शिखर चुम्ने लक्ष्य बोकेर आरोहीहरु उच्च हिमाली क्षेत्रमा पुग्न थालेका हुन् । आठ हजार १६३ मिटर अग्लो मनास्लुमा यस वर्ष ३५ आरोहण दलका ४२२ जनाले आरोहण अनुमति लिएका छन्। पर्यटन विभागका अनुसार अनुमति लिनेमा ३१३ पुरुष र १०९ महिला छन् । नेपालको शरद् ऋतुको हिमाल आरोहणमा मनास्लु यस वर्ष पनि मुख्य आकर्षण बनेको छ ।

मनास्लु संरक्षण क्षेत्र (एमक्याप) का सूचना अधिकारी भुवन ओझाका अनुसार शुक्रबारसम्म १८ वटा ट्रेकिङ एजेन्सीमार्फत १९० जना आरोही सामागाउँ पुगिसकेका छन् । भदौको पहिलो सातादेखि नै आरोही, गाइड तथा सहयोगी टोली सामागाउँ पुग्ने क्रम सुरु भएको हो । आरोहीहरु सामागाउँ पुगेपछि केही दिन त्यहाँको उचाइ र वातावरणसँग शरीरलाई अभ्यस्त बनाउने, आवश्यक पदयात्रा तथा अभ्यास गर्ने र त्यसपछि क्रमशः आधार शिविरतर्फ अघि बढ्ने गरेका छन् । कतिपय टोली हेलिकोप्टरमार्फत सामागाउँ पुगेका छन् भने केही मनाङ हुँदै लार्केपास पार गरेर र केही गोरखातर्फको पदमार्ग प्रयोग गरेर त्यहाँ पुगेका छन् ।

मनास्लु आरोहण सामान्य हिमाली पदयात्राभन्दा फरक र चुनौतीपूर्ण मानिन्छ । आठ हजार मिटरभन्दा माथिको उचाइमा पुग्नुपर्ने भएकाले आरोहीले शारीरिक क्षमता, मौसम, हिमाली भूगोल र प्राविधिक तयारीलाई उत्तिकै महत्व दिनुपर्ने हुन्छ । त्यसैले अहिलेको समय आरोहणको अन्तिम चरणमा पुग्नुअघि शरीर र उपकरणलाई तयार पार्ने समय बनेको छ ।

आरोहण दलसँगै आएका शेर्पा गाइडहरु भने आरोहण मार्ग



व्यवस्थापनमा सक्रिय छन् । सुरक्षित रूपमा माथिल्ला क्याम्प हुँदै चुचुरोसम्म पुग्ने बाटो तयार पार्न डोरी टाँग्ने तथा आवश्यक प्राविधिक काम अघि बढाइएको छ । मार्ग तयार भएपछि आरोहीहरु मौसमको अवस्था र आफ्नो स्वास्थ्यअनुसार क्रमशः माथिल्ला क्याम्पतर्फ जानेछन्।

मनास्लु आधार शिविरमा अहिले आरोहणका सामग्री, पाल तथा अन्य आवश्यक उपकरणको चहलपहल देखिन थालेको छ । हिमालको फेदीमा अस्थायी शिविरहरु विस्तार हुँदै जाँदा आधार शिविर आफैँ एउटा अस्थायी हिमाली बस्तीझैँ देखिन थालेको छ । आरोहीसँगै गाइड, भरिया, भान्से तथा अन्य सहयोगी जनशक्तिको उपस्थिति पनि बढेको छ ।

आरोहणको चहलपहलले मनास्लु क्षेत्रको स्थानीय पर्यटन व्यवसायलाई समेत चलायमान बनाउने गरेको छ । सामागाउँका होटल तथा लज, भरिया सेवा, स्थानीय यातायात, खाद्यान्न आपूर्ति तथा अन्य पर्यटनसँग सम्बन्धित व्यवसायमा आरोहण सिजनले प्रत्यक्ष प्रभाव पार्ने गर्छ । हिमाल आरोहणका लागि आउने विदेशी तथा स्वदेशी टोलीका कारण दुर्गम हिमाली बस्तीमा आर्थिक गतिविधिसमेत बढ्ने स्थानीयको अपेक्षा छ ।

मनास्लु आफैँमा भने चुनौतीपूर्ण हिमालका रूपमा परिचित छ । जोखिमपूर्ण हिमाली भूगोल र मौसमका कारण यसलाई 'किलर माउन्टेन' समेत भन्ने गरिएको छ। तर यही चुनौतीका कारण आठ हजार मिटरभन्दा अग्ला हिमाल आरोहण गर्ने लक्ष्य बोकेका आरोहीका लागि मनास्लु आकर्षक गन्तव्य बनेको छ । धेरै आरोहीले आफ्नो पहिलो आठ हजार मिटर अग्लो हिमालका रूपमा मनास्लुलाई रोज्ने गरेका छन् ।

मनास्लु आरोहणको इतिहास पनि पुरानो छ । सन् १९५६ मे ९ मा जापानी नागरिक तोशियो इमानिशी र नेपाली नागरिक उर्केन छिरिङ शेर्पाले पहिलोपटक मनास्लुको सफल आरोहण गरेका थिए। त्यसयता विश्वका विभिन्न देशका आरोहीले मनास्लुको शिखरलाई आफ्नो साहस र क्षमताको गन्तव्य बनाउँदै आएका छन् । यसपटक पनि सयौं आरोही त्यही सपना बोकेर मनास्लुको काखमा पुगेका छन्। उनीहरूको लक्ष्य एउटै छ– हिमालको कठिन बाटो पार गर्दै ८ हजार १६३ मिटर उचाइमा रहेको शिखरमा पुग्नु ।

तर आरोहणको सफलता केवल आरोहीको तयारीमा मात्र निर्भर हुँदैन । हिमाली मौसमको अनिश्चितता, हिमपात, हावाको गति, हिमपहिरोको जोखिम र उच्च उचाइमा शरीरले गर्ने प्रतिक्रिया जस्ता पक्षले समेत शिखर यात्राको निर्णय निर्धारण गर्छन् । त्यसैले आरोहण दल अहिले अनुकूल मौसमको प्रतीक्षासँगै आवश्यक तयारीमा जुटेका छन् । मनास्लु क्षेत्रमा बढेको यो चहलपहलले गोरखाको हिमाली पर्यटनलाई समेत नयाँ गति दिएको छ । आधार शिविरतर्फ उक्लिरहेका आरोहीका पाइला अहिले केवल एउटा हिमालको शिखरतर्फ मात्र होइन, नेपालको हिमाली पर्यटनको सम्भावनातर्फ पनि अघि बढिरहेका छन् ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३१०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४